गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

# गण्डकी आयुर्वेद अस्पताल

लेखनाथ, कास्की, नेपाल

**मिति :-२०८२।०४।०१**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विबरण

आ. व. २०८१।०८२ चौथो त्रैमासिकसम्मको (२०८१ श्रावण देखि २०८२ आषाढ मसान्त सम्म)

## १. कार्यालयको स्वरुप र प्रकृतिः

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । वि. सं. २०२४ मा यस कार्यालय गण्डकी अञ्चल आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थापना भएको थियो । त्यस पछि वि. सं. २०५८ मा आयुर्वेद विभागबाट जिल्लामा रहेका साधारण औषधालयहरुको आर्थिक कारोबार जिल्लास्तरीय कार्यालयबाट गर्ने निर्णय भए अनुसार सदरमुकाम बाहिर रहेका जिल्लास्तरीय कार्यालयहरु जिल्ला सदरमुकाम ल्याउने नीति अनुसार लेखनाथ ३, अर्घौमा रहेको लेखनाथ आयुर्वेद औषधालयको भवनमा स्थानान्तरण गरि यहाँ स्थित औषधालयलाई वेगनास आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थानान्तरण गरिएको थियो । यसपछि निरन्तर रुपमा यस कार्यालय पुरानो अर्घौ बजारमा संचालनमा रहेको छ । देशको संघिय संरचना अनुसार यस कार्यालय प्रदेश अन्तर्गत रही गण्डकी प्रदेश सरकारको २०७७ वैशाख २३ को निर्णय अनुसार गण्डकी आयुर्वेद औषधालयको नाममा रहेको छ । त्यसै गरी गण्डकी प्रदेश सरकारको मिति २०८१ मंसिर १२ को निर्णय अनुसार गण्डकी आयुर्वेद अस्पतालको नामाकरण भई २०८२ वैशाख १० गतेबाट २५ सैयायुक्त अन्तरंग सेवा संचालनमा छ । यस अस्पतालले स्थापना देखि नै आयुर्वेद चिकित्सा सेवा दिदैं आइरहेको छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार :

- नेपाल तथा सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु गर्ने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने ।

## ३. क) कर्मचारी दरवन्दी तेरिज र पदपूर्ति विवरण :

| क्र.सं. | पद | सेवा | समुह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौं | १ | १ | ० | |
| २ | कविराज | स्वास्थ्य | आयुर्वेद | पाचौं/छैठौं/सातौं | १ | १ | ० | |
| ३ | वैद्य | स्वास्थ्य | आयुर्वेद | चौथौ/पाचौं/छैठौं | १ | १ | ० | |
| ४ | सह/लेखापाल | प्रशासन | लेखा | पाचौं/छैठौं/सातौं | १ | १ | ० | संघ कामकाज |
| ५ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | श्रेणी विहिन | २ | २ | ० | २ करार |

## ख) अस्पतालमा रहने र यस अस्पताल अन्तरगत रहने कर्मचारी संख्या र कार्य बिवरण :

| क्र.सं. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा.शंकर गौतम | कार्यालय प्रमुख | |
| २ | कविराज निरिक्षक | छैठौं | श्री रामकृष्ण भूजेल मगर | प्रशासन, सूचना अधिकारी, भण्डार शाखा | |
| ३ | वैद्य निरिक्षक | छैठौं | श्री सीता शर्मा | तथाङ्ग, औषधी वितरण | |
| ४ | लेखापाल | पाँचौं | श्री कृष्ण प्रसाद पौडेल | लेखा तथा आर्थिक प्रशासन | |
| ५ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | नवौं | डा.दीक्षा पौडेल | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| ६ | कन्सल्टेन्ट कायचिकित्सक | नवौं | डा.सुनीता आचार्य | छात्रवृत्ति करार | ०८२ आषाढ १२ देखि |
| ७ | आयुर्वेद चिकित्सक | आठौं | डा.नारायण पाण्डे | कार्यक्रम करार | ०८१ चैत्र ०१ देखि |
| ८ | आयुर्वेद चिकित्सक | आठौं | डा.सुभाष भुजेल | छात्रवृत्ति करार | ०८१ भाद्र २५ देखि |
| ९ | आयुर्वेद चिकित्सक | आठौं | डा.विपिन वन्धु आचार्य | छात्रवृत्ति करार | ०८१ कात्तिक ०४ देखि |
| १० | ल्याब टेक्निसियन | पाँचौ | श्री अभिषेक पहारी | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| ११ | कविराज | पाचौं | श्री शारदा के. सी. | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १२ | अकुपञ्चर सहायक | पाचौं | श्री सोस्तिका श्रेष्ठ | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १३ | स्टाफ नर्स | पाचौं | श्री संगम बस्नेत | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १४ | स्टाफ नर्स | पाचौं | श्री मनिसा घिमिरे | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १५ | स्टाफ नर्स | पाचौं | श्री पुनम थापा | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १६ | स्टाफ नर्स | पाचौं | श्री कृशला लामिछाने | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १७ | अ.न.मी. | चौथो | श्री नितु त्रिपाठी | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १८ | अभ्यङ्गकर्ता | | श्री कविता अधिकारी | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| १९ | अभ्यङ्गकर्ता | | श्री सन्तोष भुजेल | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| २० | अभ्यङ्गकर्ता | | श्री अन्जु पूर्वे | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| २१ | अभ्यङ्गकर्ता | | श्री पवन मणि लामिछाने | कार्यक्रम करार | ०८२ आषाढ मसान्तसम्म |
| २२ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्री शोभा खनाल | दरबन्दी करार | ०८२ आषाढ मसान्तसम्म |
| २३ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री किरन बहादुर थापा | दरबन्दी करार | ०८२ आषाढ मसान्तसम्म |
| २४ | आयुर्वेद चिकित्सक | आठौं | डा.अर्जुन सापकोटा | | ०८२ आषाढ मसान्तसम्म |
| २५ | वैद्य | चौथो | श्री सरीता पौडेल | कार्यक्रम करार, भेडावारी प्रा.स्वा.केन्द्र, भिंडावारी | ०८२ आषाढ मसान्तसम्म |
| २६ | अभ्यङ्गकर्ता | | श्री मन्जु ढुंगाना | | ०८२ आषाढ मसान्तसम्म |
| २७ | अभियानकर्ता | | श्री अर्जुन डगौरा. | करार नागरिक आ. से. केन्द्र, सिक्लेस, मादी १ | ०८२ आषाढ मसान्तसम्म |
| २८ | अभियानकर्ता | | श्री जमुना लामिछाने | करार नागरिक आ. से. केन्द्र,नागडाँडा,अन्नपूर्ण १ | ०८२ आषाढ मसान्तसम्म |
| २९ | अभियानकर्ता | | श्री गोविन्द आचार्य | करार नागरिक आ. से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८२ आषाढ मसान्तसम्म |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा :

- बहिरंग सेवा (OPD)
- अन्तरंग सेवा (IPD)
- निःशुल्क/सःशुल्क औषधी वितरण
- प्रयोगशाला सेवा (निःशुल्क/सःशुल्क)
- स्वस्थ जीवन कार्यक्रम परामर्श
- पंचकर्म अन्तर्गतको पूर्वकर्म अर्थात स्नेहन, स्वेदन, जानु वस्ति, कटि वस्ति, शिरोधारा आदि
- शल्य कर्म, क्षार कर्म, अग्नि कर्म, रक्तमोक्षण, शिरा वेद, जलौका, मर्म चिकित्सा
- स्वस्थ्य जीवनशैली परिवर्तन तथा भान्छा सुधार कार्यक्रम
- स्तनपायी आमाहरुका लागि निःशुल्क दुग्धवर्धक आयुर्वेद औषधी शतावरी वितरण

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

| क्र सं. | सेवाको किसिम | कोठा नं. | उपलब्ध सेवाहरु | समय | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा तथा कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिरामीको नाम दर्ता | १३ | सोधपुछ/ नाम दर्ता | १०:०० देखि ३:०० बजे सम्म (शुक्रबार १०:०० देखि १:००) | नियमानुसार | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| २ | बहिरङ्ग सेवा ओ.पी.डि | १ र २ | बिरामी परिक्षण परामर्श तथा उपचार | १०:०० देखि ३:०० बजे सम्म (शुक्रबार १०:०० देखि १:००) | निःशुल्क | तुरुन्त | प्राविधिक कर्मचारी | अस्पताल प्रमुख |
| ३ | अन्तरंग सेवा आई.पि.डी. | १२ | बिरामी भर्ना गरि उपचार | नियमानुसार | नियमानुसार | नियमानुसार | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| ४ | प्रयोगशाला सेवा/ल्याब सेवा | ४ | रगत, दिसा, पिसाव आदिको परिक्षण | विहान १०:०० बजे देखि ३:०० बजे सम्म | नियमानुसार | परामर्श अनुसार | प्राविधिक कर्मचारी | अस्पताल प्रमुख |
| ५ | पञ्चकर्म/ पुर्वकर्म सेवा | ५ | स्नेहन, स्वेदन, शिरोधारा, वस्ति, नस्य आदि | ११:०० देखि ३:०० बजेसम्म | नियमानुसार | परामर्श अनुसार | सम्बन्धीत शाखा/प्राविधिक कर्मचारी | अस्पताल प्रमुख |
| ६ | शल्य चिकित्सा सेवा | ६ | क्षारसूत्र कक्ष | ११:०० देखि ३:०० बजेसम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धीत शाखा/प्राविधिक कर्मचारी | अस्पताल प्रमुख |
| ७ | औषधि वितरण | ९ | औषधि वितरण कक्ष | १०:०० देखि ३:०० बजे सम्म (शुक्रबार १०:०० देखि २:००) | निःशुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| ८ | अकुपन्चर/ कपिंग/मोक्सा सेवा | १२ | अकुपन्चर कक्ष | १०:०० देखि ३:०० बजे सम्म (शुक्रबार १०:०० देखि २:००) | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| ९ | जडिबुटी औषधि निर्माण इकाई | १४ | आयुर्वेद चुर्ण औषधि निर्माण | अस्पतालको कार्ययोजना अनुससार | | | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| १० | कुटी स्वेदन कक्ष (Sauna) | ८ | आधुनिक वाष्पस्वेदन यन्त्रद्वारा सर्वांग स्वेदन | विहान ०८:०० बाट बेलुका ०७:०० बजे सम्म | तोकिए बमोजिम शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ स्तन्यवर्धक औषधि वितरण | १,२ र ९ | दुग्धवर्धक औषधि वितरण | १००० देखि ३०० बजे सम्म (शुक्रबार १००० देखि २००) | निःशुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| १२ | स्वास्थ्य प्रवर्धन सेवा | १ र २ | रसायन औषधि/दुग्धबर्धक औषधि वितरण तथा स्वस्थ जीवनशैली परामर्श/योगाभ्यास | अस्पतालको तालिका अनुसार | निःशुल्क | परामर्श अनुसार | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |
| १३ | लेखा तथा प्रशासनिक कार्य | ९ | लेखा र प्रशासन सम्बन्धी कार्यहरु | १०:०० देखि ५:०० बजे सम्म (शुक्रबार १०:०० देखि ३:००) | नियमानुसार | नियमानुसार | सम्बन्धीत शाखा/कर्मचारी | अस्पताल प्रमुख |

नागरिक वडापत्रमा उल्लेख भए अनुसार तथा ऐन कानूनमा तोकिए बाहेक सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार हुनेछ ।

**६. निर्णय गर्ने प्रक्रिया र अधिकार :** यस कार्यालयका कर्मचारी बैठक र कार्यालय प्रमुख

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारी :** कार्यालय प्रमुख

**८. सम्पादन गरेको कामको विवरण :**

**अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना अनुसार हालसम्म भएका प्रगति (IPD सेवा संचालन सम्बन्धी) :**

- IPD सेवा संचालनको लागि कार्यक्रम करारमा गत वर्ष कार्यरत कविराज, अकुपन्चर सहायकको कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी सेवा निरन्तरता दिईएको तथा १ जना कन्सल्टेन्ट आयुर्वेद विज्ञ, १ जना आयुर्वेद चिकित्सक, ४ जना स्टाफ नर्स, २ जना अभ्यङ्गकर्ता/ वैद्यहरुलाई नियुक्ति प्रदान गरिएको ।
- IPD सेवा संचालनको लागि आवश्यक Patient Bed, ECG, Fully automated biochemistry analyzer, Oxygen Cylinder, Wheel Chair लगायतका स्वास्थ्य सम्वन्धी सामाग्रीहरु स्वास्थ्य सेवा विभाग र ICDH बाट हस्तान्तरण गरी ल्याईएको ।
- मिति २०८२ वैशाख १० गते बाट अन्तरंग सेवा संचालनमा रहेको ।

**पुँजीगत बजेट अन्तर्गत :**

- आधुनिक स्वेदन उपकरण (Sauna) खरिद भई सेवा सेवा संचालनमा रहेको ।
- IPD सेवा संचालनको लागि आवश्यक Patient Bed, ECG, Fully automated biochemistry analyzer, Oxygen Cylinder, Wheel Chair लगायतका स्वास्थ्य सम्वन्धी सामाग्रीहरु स्वास्थ्य सेवा विभाग र ICDH बाट हस्तान्तरण गरी ल्याईएको ।
- IPD सेवा संचालनको लागि आवश्यक शौचालय निर्माण सम्पन्न ।
- IPD सेवा सुचारुको लागि आवश्यक भवन निर्माण सम्पन्न ।

- IPD सेवा संचालनको लागि आवश्यक कार्यालय भवनको मर्मत सम्भार सम्पन्न।
- IPD सेवा संचालनको लागि आवश्यक औषधी दराज (-याक) लगायतका फर्निचर खरिद सम्पन्न।
- स:शुल्क फार्मेसी संचालनको लागी औषधिहरु खरिद।

**सामानिकरण बजेट अन्तर्गत :**

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको।
- पञ्चकर्म(पुर्वकर्म), क्षारसूत्र, अग्निकर्म, शिरावेद, मर्म चिकित्सा, अकुपंचर चिकित्सा, प्रयोगशाला परिक्षण संचालन गरिरहेको ।
- प्रयोगशाला संचालनकालागि आवश्यक Fully Automated Biochemistry Analyzer प्राप्त, आवश्यक रियेजेंट र किट आवश्यकता अनुरुप खरिद।
- क्षारसुत्र व्यवस्थापन कार्यक्रम करारमा गत वर्ष कार्यरत अ.न.मी.को कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी सेवा निरन्तरता दिईएको।
- जडीबुटीबाट चूर्ण औषधि निर्माण गरि वितरण गरिएको।
- यस कार्यालयको यस आ.व.को पहिलो MSS लेखाजोखाको सुझाव अनुसार आवश्यक सामाग्रीहरु खरिद गरिएको।
- IPD सेवा संचालनको लागि कार्यक्रम करारमा गत वर्ष कार्यरत आयुर्वेद चिकिसक, कविराज, अकुपन्चर सहायकको कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी सेवा निरन्तरता दिईएको।
- भेडावारी प्राथमिक स्वास्थ्य केन्द्रमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा अन्तरगत कार्यक्रम करारमा गत वर्ष कार्यरत आयुर्वेद चिकिसक, वैद्य, अभ्यंगकर्ताको कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी सेवा निरन्तरता दिईएको।
- स:शुल्क फार्मेसी संचालनार्थ अत्यावश्यक, शास्त्रीय, प्रोपाईटरी आयुर्वेद औषधिहरु खरिद सम्पन्न गरि स:शुल्क फार्मेसी संचालन गरिएको।
- कास्की जिल्ला स्थित आयुर्वेद संस्थाहरुको आयुर्वेद स्वास्थ्यकर्मीहरुको सहभागितामा AHMIS, नागरिक आरोग्य अभियान, आयुर्वेद कार्यक्रम तथा आयुर्वेद सेवा लगायतका विषयमा अन्तरक्रिया एवं छलफल सम्पन्न।
- धौलागिरी आयुर्वेद अस्पताल, बाग्लुंग प्रमुख डा.शरद पन्थी ज्युको नेतृत्वमा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश प्रतिनिधि डा. मधुर जी ढकाल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँ प्रमुख डा.नारायण श्रेष्ठ लगाएतको सहभागितामा मिति २०८१/०९/०७ र ०८ गते यस अस्पतालको न्यूनतम सेवा मापदण्ड तेस्रो लेखाजोखा सम्पन्न भएको छ।
- मिति २०८१/०९/१८ गते जिल्ला समन्वय समिति, कास्की र जिल्ला नागरिक आरोग्य समिति, कास्कीको आयोजना एवं गण्डकी आयुर्वेद अस्पताल,कास्कीको समन्वयमा जिल्ला समन्वय समिति, कास्कीको सभा हलमा जिल्ला नागरिक आरोग्य समिती, स्थानीय आरोग्य समिति एवं सरोकारवाला निकायहरु बीच छलफल एवं अन्तरक्रिया सम्पन्न।
- मिति २०८१/०९/२७ गते गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्रि माननीय श्री कृष्ण प्रसाद पाठक ज्युको प्रमुख आतिथ्यतामा नि:शुल्क बृहत आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न। जम्मा ४२२ जनाले

निःशुल्क स्वास्थ्य परीक्षण गरी नि:शुल्क औषधि प्राप्त गर्नु भएको सो शिविरमा १०५ जनाको निःशुल्क सुगर र पिसाव परिक्षण, साथै ३७ जनाको एकांग स्नेहन स्वेदन एवं २० जनाको कपिंग सेवा पनि प्रदान गरिएको थियो ।

- माघ १ गते राष्ट्रिय योग दिवस कार्यालय परिसरमा अन्तरक्रिया तथा योगाभ्यास सहित राष्ट्रिय योग दिवस २०८१ सम्पन्न।
- माघ १५, १६ र १७ गते कास्की जिल्ला अन्तर्गतका सम्पूर्ण आयुर्वेद संस्थाहरु सहित अर्धवार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी एवं क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।
- मिति २०८२/०२/०४ गते आईतबार प्रमुख अतिथि माननीय मुख्य मन्त्री सुरेन्द्रराज पाण्डे एवं विशिष्ट अतिथि माननीय पुर्ब मुख्यमन्त्री खगराज अधिकारी र माननीय स्वास्थ्य मन्त्री कृष्ण पाठ्क ज्युको समुपस्थितिमा गण्डकी आयुर्बेद अस्पतालको अन्तरंग लगाएत सेवाहरुको बिधिबत रुपमा उदघाटन सम्पन्न।
- पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखाको समन्वय एवं ३० नं. वडा कार्यालयको स्थानीय आयोजनामा श्री त्रिभुवन शान्ति नमुना मा.वि., खुदीमा "सिंगो पृथ्वी, समग्र स्वास्थ्यका लागी योग" भन्ने मूल नाराका साथ योगाभ्यास सहित नि:शुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ।
- भान्सा सुधार आरोग्यको आधार अभियान र स्वास्थ्य जीवनशैली कार्यक्रम सम्पन्न :
    - २०८१ मङ्सिर ०७ गते सिक्लेसमा।
    - २०८२ वैशाख १५ गते अन्नपूर्ण गाउँपालिका २ नं.वडा कार्यालयको सभाहलमा।
    - २०८२ जेष्ठ २० गते पोखरा महानगरपालिका, २२ नं.वडा कार्यालयको सभाहलमा।
    - २०८२ जेष्ठ २३ गते रुपा गाउँपालिका, वडा नं. ५ खडागाउँमा।
    - २०८२ जेष्ठ ३० गते पोखरा महानगरपालिका, वडा नं.३३ स्थित भरत पोखरी स्वास्थ्य चौकीको सभाहलमा।
- दुग्धबर्धक आयुर्वेद जडिबुटी तथा औषधिबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न।
    - २०८२ जेष्ठ २१ गते सिक्लेस स्वास्थ्य चौकीको सभाहलमा।
    - २०८२ आषाढ ०४ गते सिम्पली आधारभूत स्वास्थ्य सेवा केन्द्र, अन्नपूर्ण गाउँपालिकामा।
    - २०८२ आषाढ ०५ गते पोखरा स्वास्थ्य चौकी, पोखरा महानगरपालिका २२ मा।
    - २०८२ आषाढ ०८ गते देउराली स्वास्थ्य चौकी, रुपा गाउँपालिकामा।

**सशर्त बजेट अन्तर्गत :**

- अस्पतालमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको।
- पञ्चकर्म(पुर्वकर्म), नश्य, शिरोधारा, वस्ती, क्षारसूत्र, अग्नीकर्म, मर्म, अकुपन्चर, रक्तमोक्षण, स्वास्थ्य जीवनशैली परामर्श, जेष्ठ नागरिक कार्यक्रम संचालन गरिरहेको ।
- अत्यावश्यक २३ प्रकारका आयुर्वेद औषधीहरुको खरिद सम्पन्न गरि नि:शुल्क वितरण भईरहेको।
- ३ वटा नागरीक केन्द्रहरुमा कार्यक्रम करारमा गत वर्ष कार्यरत अभियानकर्ताहरुको कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी सम्पूर्ण सेवा निरन्तरता दिईएको।
- प्रयोगशाला सेवा कार्यक्रम करारमा ल्याव टेक्निसियनसँग सेवा करार सम्झौता गरी प्रयोगशाला सेवा निरन्तरता दिईएको।

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको ।
- पन्चकर्म/पूर्वकर्म कार्यक्रम करारमा गत वर्ष कार्यरत अभ्यंगकर्ताहरुसँग कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार सम्झौता गरी पन्चकर्म/पूर्वकर्म सेवा निरन्तरता दिईएको ।
- नागरिक आरोग्य केन्द्रहरुमा कार्यक्रम करारमा अभियानकर्ताहरु मार्फत नागरिक आरोग्य अभियान सेवा निरन्तरता दिईएको ।
- अस्पताल संचालन तथा सुदृढीकरण योजना स्वीकृत भई स्वस्थ्य जीवन कार्यक्रम संचालनमा ।

**९. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

श्री रामकृष्ण भूजेल मगर, कविराज निरिक्षक, **सूचना अधिकारी**, ९८५६०४८७९९
डा. शंकर गौतम, आयुर्वेद चिकित्सक, **कार्यालय प्रमुख**, ९८५६००५५२८

**१०. ऐन, नियम, बिनियम वा निर्देशिकाको सूची :**

- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- आयुर्वेद स्वास्थ्य नीति, २०५२
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली २०५५
- स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०
- वार्षिक रुपमा प्राप्त हुने आयुर्वेद सेवा संचालन मार्गदर्शन/निर्देशिका/मापदण्डहरु

**११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक बिवरण :**

| बजेट/ब.उ.शी. नं. | विनियोजित बजेट | २०८२ आषाढ मसान्तसम्मको खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु/३५००३०१५३ | १९७,७७,०००। | १५५,८५,५७६.२० | ७९ | |
| पुँजीगत/३५००३०१५४ | ६६,००,०००। | ६४,३८,९००.०० | ९७.५६ | |
| शसर्त/३५०९११३३३ | ३७,३७,०००। | ३७,२९,५१०.०० | ९९.७९ | |

**१२. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण :-** www.gaa.gandaki.gov.np

**१३. सार्वजनिक निकायको परेका सूचना माग सम्बन्धी निवेदन र सूचना उपलब्ध गराएको विवरण**

:- माग नभएको